जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १६३ | २०८० साल माघ १५ गते सोमबार (29 Jan. 2024 Monday) | मूल्य रु. ५/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पूर्वाधार र सेवालाई प्रभावकारी.. ३ पृष्ठमा : मधेस प्रदेशमा अधिक... ३ पृष्ठमा : बिहारका मुख्यमन्त्री नितिश ...

## कावा नगर प्रमुखले मागहरु जायज रहेको स्वीकार्दै समाधान गर्ने प्रतिबद्धता जनाएपछि बीचमै रोकिए बिरोध प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

बिटौरी जग्गा समस्या समाधानसहित बिभिन्न ७ बुँदे माग अघि सार्दै वडा सदस्य संघर्ष समितिले आइतबार सुरु गरेको बिरोध प्रदर्शनबीच बाटोमै रोकिएको छ ।

संघर्ष समिति र बिटौरी जग्गधनी सम्मिलित संयुक्त रुपमा निकालिएको सो बिरोध प्रर्दशन बजार क्षेत्र प्रवेश गर्न नपाउदै बीच बाटो मै राजबिराज नगरपालिकाका कार्यबाहक प्रमुख इसरत परविनले आग्रह गरेपछि रोकिएको हो ।

स्थानीय शिवमन्दीरमा भेला भई निस्केको जुलुस बजार क्षेत्रमा प्रवेश गर्नै लाग्दा पुगेको राजबिराज नगरपालिकाकी कार्यबाहक नगर प्रमुख परवीनले वडासदस्य तथा नगरवासीको तर्फबाट उठाइएका मागँहरु जायज रहेको स्वीकार्दै छिट्टै समाधान गर्ने प्रतिबद्धता सहित बिरोधका कार्यक्रम रोक्न आग्रह गरेकी थिइन ।

"कार्यबाहक नगर प्रमुख परवीनले भोली नै बार्तामा वसी समाधान खोज्ने प्रतिबद्धता जनाउनु भएको छ, बडासदस्य एवं संघर्ष समितिका संयोजक रामानन्द देवले भने, तत्काल विरोधका कार्यक्रम रोकिए पनि सोमबार उचित समाधान निस्कन नसकिए संघर्षका कार्यक्रमहरु पुनः अघि बढ्ने छ ।"

राजबिराज क्षेत्रको बिटौरी जग्गाको समस्या समाधान सहित ७ बुँदे माग अघि सार्दै बडासदस्यहरु आन्दोलन समिती नै गठन गरी संर्घषका कार्यक्रमहरु गर्दै आएका छन् । दोश्रो चरणको

***बाँकी अन्तिम पृष्ठमा***

## ग्लोबल पीडितद्वारा रकम फिर्ताको माग गर्दै प्रदर्शन र धर्ना




**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

राजविराजस्थित ग्लोबल बहुमुखी सहकारी संस्था लि. बाट पीडित भएका बचतकर्ताहरुले रकम फिर्ताको माग गर्दै आइतबार प्रदर्शनसहित धर्ना दिएका छन् ।

बचतकर्ताहरुले करिब ११ करोड ८५ लाख रुपैया फिर्ता गर्नु पर्ने मागसहित स्थानीय रंगशालामा जम्मा भई सहकारी पीडितलाई न्याय दे लगायतका प्ले कार्ड बोकी नाराबाजी गर्दै प्रदर्शनपछि जिल्ला स्वास्थ्य कार्यालय अगाडी धर्ना दिएका छन् ।

संस्थाका तत्कालिन अध्यक्ष सुखराम यादव र कार्यक्रम प्रवर्द्धक पंकज पोखरेलको

***बाँकी अन्तिम पृष्ठमा***

## निर्माण व्यवसायी संघको अध्यक्षमा सतिशचन्द्र मिश्र निर्वाचित



**सतिशचन्द्र मिश्र, अध्यक्ष**
निर्माण व्यवसायी संघ सप्तरी

**दैनिक समाचारदाता**
**राजविराज १४ माघ ।**

निर्माण व्यवसायी संघ सप्तरीको शनिबार सम्पन्न निर्वाचनको मतपरिणाम अनुसार सतिशचन्द्र मिश्र अध्यक्षमा निर्वाचित भएका छन् । मिश्रले २ सय ६ मत ल्याए भने उनका प्रतिद्वन्दी सन्तोषकुमार दासले ८२ मत प्राप्त गरे ।

त्यस्तै प्रथम उपाध्यक्षमा भुपेन्द्र यादव, द्धितीय उपाध्यक्षमा कैलाश प्रसाद देव, महासचिवमा अमृत लाल साह, सचिवमा प्रमोद कुमार मण्डल, कोषाध्यक्षमा दिवाकर कुमार सिंह र सहकोषाध्यक्षमा उमेश प्रसाद यादव निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

त्यस्तै ख बर्गको सदस्यमा जगदिश प्रसाद अर्याल र उदय श्रेष्ठ निर्विरोध भएका छन् । यसैगरि ग बर्गको सदस्यमा प्रभाकर यादव र मो. अनवर दफाली निर्वाचित भएका छन् ।

त्यसैगरी नौ पद रहेको घ बर्गको सदस्यमा निलेश कुमार झा, मुकेश कुमार यादव, कृष्णचन्द्र यादव "पिन्टु", उमाकान्त साह, भुवनारायण यादव, रन्जित चौधरी, रामचन्द्र यादव, बिष्णुप्रसाद देव र बिजय कुमार रजक निर्वाचित भएका छन् ।

३ सय १७ मतदाता रहेकोमा निर्वाचनमा २ सय ९७ जनाले मतदान गरेका प्रमुख निर्वाचन आयुक्त रामअशिष प्रसाद साहले जानकारी दिए ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बौद्धिक अपाङ्गताप्रति राज्यको गैरजिम्मेवारपन

सप्तरी जिल्लामा सुस्त मनस्थिती तथा बौद्धिक अपाङ्गता भएको व्यक्तिको संख्या ५ सयको हाराहारीमा छ । उनीहरुको पहिचान गरी अध्ययन, अध्यापन, अधिकार, स्वरोजगार, क्षमता विकास, सीपमूलक तालिम, सुनेर, देखेर, हेरेर, स्पर्श गरेर संकेत आदीका माध्यमबाट संरक्षणको प्रयास नभएपछि बौद्धिक अपाङ्गताका अभिभावक संघ सप्तरीले आफै यसको अभिभारा लिएको छ । सुस्त मनस्थिति तथा बौद्धिक अपाङ्गता भएका ४ दर्जन भन्दा बढी बालवालिकालाई संस्थाकै पहलमा आवासिय सुविधासहित डे केयर श्रोत कक्षा सञ्चालनमा ल्याइएको छ ।

अपाङ्गता भएका व्यक्तिको उपेक्षा गर्ने क्रम घरबाटै शुरु भई त्यसपछी समाज र राष्ट्रबाट समेत हुन थालेपछि उनीहरुमा निरासा छाउने गरेकोले यसका लागि सरकारले अपाङ्गमैत्री नीति बनाएर प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने राज्यको जिम्मेवारी हो । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको मस्तिष्कसँगै पढाई लेखाई र सोचाई समेत अन्य व्यक्तिको तुलनामा निकै कमजोर हुने गरेकाले उनीहरुलाई शिक्षण सिकाई क्रियाकलापमा बढी भन्दा बढी सहभागी गराउनु पर्ने हुन्छ । उनीहरुको सहज जीवनयापनका लागी शिक्षण सिकाईका विभिन्न क्रियाकलाप संचालन गरे पनि त्यो मात्रै प्रयाप्त नभएको र राज्यबाट पनि आवश्यक सहयोग जरुरी रहेको छ ।

तसर्थ यस्ता व्यक्तिहरुको दिगो विकासको लक्ष्य पुरा गर्न हरेक समुदायको संरक्षण, उन्नति र प्रगति जरुरी रहेको भन्दै यसका लागी सवैको सहयोग र सहकार्य जरुरी रहेको छ । दिगो विकासको नारा नारामै सिमित रहन नदिन तथा लक्ष्य प्राप्तिका लागी राज्य, दातृ निकाय र सबै सरोकारवालाको एकबद्धता र सहयोग उत्तिकै आवश्यक पनि रहेको छ ।

# पूर्वाधार र सेवालाई प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, १४ माघ (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वास्थ्य क्षेत्रमा देखापरेका चुनौतीको व्यवस्थापनका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निर्देशन दिनुभएको छ ।

प्रतिष्ठानको १२औँ सभालाई आइतबार यहाँ सम्बोधन गर्दै उहाँले थप पूर्वाधारको विकास तथा अस्पतालको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रतिष्ठानका पदाधिकारीलाई निर्देशन दिनुभयो ।

आमनागरिक स्वस्थ नभइकन विकास र समृद्धि सम्भव नहुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै नागरिकलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "स्वस्थ र निरोगी नागरिकबाट नै मुलुकको आर्थिक र सामाजिक रूपान्तरण सम्भव हुन्छ ।"

समुदायमा आधारित सेवा प्रवाह गर्नु प्रतिष्ठानको उत्तम पहल भएको उल्लेख गर्दै कुलपति दाहालले यस्ता कार्यक्रममा अन्य मिल्दोजुल्दो कार्यक्रम पनि समेटेर अझ बढी सशक्त बनाएर अगाडि बढ्न निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "अन्य प्रतिष्ठान एवं शैक्षिक संस्थाबाट पनि यसप्रकारको कार्यक्रम अगाडि बढाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ध्यानाकर्षण गराउँछु ।" नेपाल अधिकांश भू-भाग ग्रामीण क्षेत्रले ओगटेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ग्रामीण क्षेत्रमा स्तरीय स्वास्थ्योपचारको व्यवस्था मिलाउन दक्ष तथा सामाजिक उत्तरदायित्वको भावनाबाट अभिप्रेरित डाक्टरलगायत स्वास्थ्यकर्मी उत्पादन गरी स्वास्थ्य सेवाको पहुँच ग्रामीण स्तरसम्म विस्तार गर्दै जानुपर्ने खाँचो औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "मानव विकास परिसूचकाङ्कमा पछि परेका तथा गुणस्तरीय स्वास्थ्य सेवामा कम पहुँच भएका नागरिकलाई बढी लाभान्वित तुल्याउने गरी आफ्नो सेवामा सुधार ल्याउन प्रतिष्ठानलाई निर्देशित गर्दछु ।"

प्रधानमन्त्री प्रचण्डले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा तथा यससँग सम्बन्धित वैज्ञानिक अनुसन्धान गरी समस्त स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदान सह्रानीय रहेको बताउनुभयो । सभामा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री, राष्ट्रिय योजना आयोगका सदस्य, ललितपुर महानगरपालिकाका प्रमुख, विभिन्न प्रतिष्ठानका उपकुलपतिको उपस्थिति थियो ।

# सरकारले जनपक्षीय काममा प्राथमिकता दिनुपर्छ : अध्यक्ष नेपाल

काठमाडौँ, १४ माघ (रासस) ।

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले वर्तमान सरकारले जनपक्षीय काम गर्ने प्रयास गरिरहेको जनाउँदै यो प्रयासलाई अझ बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

पार्टीको केन्द्रीय परिषद्को दोस्रो बैठकको आइतबार उद्घाटन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले सरकारले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायमका लागि प्रयास गरिरहेको र यो प्रयासलाई अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको हो । अध्यक्ष नेपालले लोकतान्त्रिक गणतन्त्रको उपलब्धिलाई कमजोर तुल्याउने वा व्यवस्था परिवर्तन गर्ने कोसिस भइरहेकामा चिन्ता व्यक्त गर्दै वर्तमान व्यवस्थाका पक्षधर सजग हुनुपर्ने बताउनुभयो ।

"मुलुकको वर्तमान अवस्थामा जनताको निराशा र आक्रोशलाई उपयोग गर्दै प्रतिगमनकारी विद्यमान व्यवस्था परिवर्तनको नाममा विभिन्न गतिविधि गरेर राजनीतिक अस्थिरता पैदा गराउने र सामाजिक सद्भाव खलबल्याउने अवस्थाप्रति सरकार र दलहरु सजग हुनुपर्छ", अध्यक्ष नेपालले भन्नुभयो ।

कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा दुई दिनसम्म सञ्चालन हुने उक्त बैठकमा अध्यक्ष नेपालले मुलुकको राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले समाजमा विद्यमान वर्गीय शोषणको अन्त गरी जनताको आर्थिक रुपान्तरण गर्न पार्टीले अवलम्बन गरेका वैचारिक दृष्टिकोण तथा आदर्शलाई स्थापित गर्न आवश्यक रहेको बताउनुभयो ।

उहाँले विश्व राजनीतिको चर्चा गर्दै उहाँले अन्तर्राष्ट्रिय मुद्रास्फितिले विश्व सामाजिक परिवेशमा हुनसक्ने प्रभावका साथै त्यसले मुलुकको अर्थतन्त्रमा पर्ने नकारात्मक असरबारे धारणा राख्नुभयो । नेपालको कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउन समाजवादी मोर्चा गठन गरिएको उल्लेख गर्दै अध्यक्ष नेपालले सामाजिक अन्तर्विरोधको न्यूनीकरण गर्न वर्गीय विभेद्को अन्त्य गर्नुपर्ने बताउनुभयो ।

उहाँले तीन तहको सरकारमा पार्टीको सहभागिता रहेको जनाउँदै जनताको सेवालाई केन्द्रमा राखेर कार्य गर्न पार्टीका जनप्रतिनिधिलाई निर्देशन दिनुभयो । विद्यमान समाजवादी मोर्चालाई कायमै राख्नुपर्ने भन्दै उहाँले हालैको राष्ट्रियसभा निर्वाचनको परिणामका आधारमा वर्तमान सत्ता गठबन्धन विभाजित हुन नहुने पनि बताउनुभयो ।

उहाँले बैठकबाट पारित विधानबमोजिम पार्टीको प्रथम महाधिवेशन हुने जानकारी दिनुभयो । सो अवसरमा पार्टीका वरिष्ठ उपाध्यक्ष डा बेदुराम भुसाल, महासचिव घनश्याम भुसाललगायतले राष्ट्रिय राजनीतिमा पार्टीको भूमिका, नेकपा (एमाले) बाट अलग भएर नयाँ पार्टी गठन गर्नुको औचित्यका विषयमा सम्बोधन गर्नुभएको थियो ।

# सीडीओलाई प्रदेश मातहत राख्न प्रदेशका मन्त्रीहरूको सुझाव

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ माघ ।**

उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रीहरूले प्रमुख जिल्ला अधिकारीलाई पनि प्रदेशको संरचनामा राख्न सुझाव दिएका छन् । गृहमन्त्रालयमा आयोजित प्रहरी समायोजनबारे छलफल गर्दै प्रदेश मन्त्रीहरूले सो सुझाव दिएका हुन् ।

समायोजनका लागी आवश्यक निर्णय लिन माघ १७ मा प्रधानमन्त्रीले राष्ट्रिय परिषद् समन्वय समितिको बैठक बोलाएका छन् । सो बैठकअघि गृहमन्त्रीसँग प्रदेशका मन्त्रीहरूले छलफल गरेका हुन् । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ को दफा २२ बमोजिमको विषयगत समितिको बैठकमा कमान्ड सिस्टम मिलाउन प्रजिअलाई पनि संरचनागत रूपमा प्रदेशको कानुनमा बाँध्नुपर्नेमा प्रदेश मन्त्रीहरूले जोड दिएका हुन् ।

प्रहरीलाई समायोजन गरेपछि प्रमुख जिल्ला अधिकारीले नै परिचालन गर्दा 'दोहोरो कमान्ड' हुने भन्दै कमान्ड सिस्टम मिलाउन सुझाव दिइएको बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले रातोपाटीलाई बताए । उनले भने- 'संघको प्रमुख जिल्ला अधिकारीले प्रदेशको प्रहरीलाई कमान्ड गर्ने कुरो मिलेन, यदि सीडीओले नै परिचालन गर्ने हो भने संरचनागत रूपमा उ प्रदेशमा बाँधिनुपर्छ भन्ने सुझाव दिएका छौं ।'

नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन सुपरिवेक्षण, समन्वय ऐन-२०७६ र प्रहरी कर्मचारी समायोजन ऐन-०७६ अनुसार प्रहरी समायोजन गर्नेबारे छलफल थालिएको छ । कानुनअनुसार समायोजन अघि बढाउने सहमति भएको आन्तरिक मामिला तथा कानुन मन्त्री श्रेष्ठले जानकारी दिए ।

नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन सुपरिवेक्षण, समन्वय ऐन-२०७६ अनुसार केन्द्रको प्रतिनिधि प्रमुख जिल्ला अधिकारी हुन्छन् । सो व्यवस्थालाई संशोधन गर्दा समायोजनमा समस्या आउने हुनाले कानुन संशोधन गर्न प्रदेशका आन्तरिक मामिला मन्त्रीहरूले सुझाव दिएका छन् ।

काठमाडौं उपत्यकाको प्रहरीलाई संविधान विपरीत केन्द्रीय प्रहरीको मातहतमा राखिएको बारेमा पनि आइतबार छलफल भएको छ । बागमती प्रदेशले उपत्यका प्रहरी कार्यालयलाई केन्द्र मातहत राख्न नहुने सुझाव दिएको छ । नयाँ कानुन बनाउनुपरेमा पनि बनाउने तर, समायोजन सुरु गर्ने भन्नेबारे छलफल भएको श्रेष्ठले बताए ।

समायोजन हुने प्रहरी कर्मचारीको वृत्ति विकासबारे नयाँ प्रस्तावित संघीय प्रहरी ऐनमा व्यवस्था गर्नेबारे छलफल भएको छ । सुपरिवेक्षण ऐनअनुसार पनि समायोजन हुने प्रहरी कर्मचारीलाई बढुवामा बाधा नपर्ने आन्तरिक मामिला मन्त्री श्रेष्ठले बताए । रातोपाटीबाट

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेशमा अधिक कुष्ठरोगी

काठमाडौँ, १४ माघ (रासस)।

एकहत्तरौँ विश्व कुष्ठरोग दिवस आइतबार देशभर विभिन्न कार्यक्रमका साथ मनाइएको छ। 'कुष्ठरोगसम्बन्धी गलत धारणाको अन्त्य गरौँ, मर्यादित व्यवहार गरौँ' भन्ने मूल नाराका साथ जनवरी २८ अर्थात् आज नेपालभर विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको हो।

कुष्ठरोग आँखाले देख्न नसकिने 'माइकोब्याक्टेरियम लेप्रे' नामक सुक्ष्म कीटाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो। उपचार नगरेको कुष्ठरोग बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यतः श्वासप्रश्वासको माध्यामबाट यो रोग सर्ने गरेको पाइन्छ। स्वास्थ्य सेवा विभागका इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनी सुरुकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग अरुलाई नसर्ने र अपाङ्गता हुनबाट जोगाउने बताउनुहुन्छ।

महाशाखाले विभिन्न सरकारी तथा गैरसरकारी निकायसँगको सहकार्यमा गरेको अध्ययनमा आर्थिक वर्ष २०७९/८० मा देशभर दुई हजार पाँच सय २२ जना कुष्ठरोगका नयाँ बिरामी फेला पारेको छ। कुष्ठरोगका नयाँ बिरामीमध्ये सबैभन्दा धेरै मधेस प्रदेशमा रहेका छन्। मधेस प्रदेशमा कुल बिरामीको ३७ प्रतिशत अर्थात् नौ सय ४४ बिरामी रहेका छन्। यस्तै लुम्बिनी प्रदेशमा पाँच सय ६५, कोशी प्रदेशमा चार सय ७१, सुदूरपश्चिम प्रदेशमा दुई सय ३०, बागमती प्रदेशमा एक सय २०, गण्डकी प्रदेशमा एक सय १९ र कर्णाली प्रदेशमा ७३ जना कुष्ठरोगका बिरामी रहेको तथ्याङ्क छ।

जिल्लाअनुसार हेर्दा कुष्ठरोगी बढी भएको जिल्लामा झापा, मोरङ, सिरहा, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा, पर्सा, पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके र कैलाली रहेका छन्। नयाँ बिरामीमध्ये महिला बिरामीको सङ्ख्या एक हजार ४९, बालबालिकाको सङ्ख्या एक सय ८१ रहेको देखिन्छ।

विभागका कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रमुख डा प्रशन्न नापित सरकारले कुष्ठरोगमुक्त नेपाल निर्माणका लागि 'राष्ट्रिय कुष्ठरोग रणनीति २०७८७-२०८२' निर्माण गरी कार्यान्वयनमा लागेको बताउनुहुन्छ। रणनीतिको मुख्य उद्देश्य नै प्रदेश, जिल्ला र स्थानीय तहबाट कुष्ठरोग निवारण गर्ने उहाँको भनाइ छ। पछिल्लो समय तराई र विशेषगरी मधेस प्रदेशमा कुष्ठरोगका बिरामीको सङ्ख्या बढी देखिएपछि विभिन्न सरकारी तथा गैरसरकारी संस्था त्यस प्रदेशप्रति लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन्।

सन् १९७५ देखि नेपालको कुष्ठरोग क्षेत्रमा काम गर्दै आएको एनआरएल नेपालले अहिले मधेस प्रदेशको महोत्तरी, सर्लाही र धनुषा जिल्लामा कुष्ठरोगको क्षेत्रमा काम गर्दै आएको छ। एनआरएल नेपालले कुष्ठरोग नियन्त्रण (पेप प्लस प्लस) कार्यक्रमअन्तर्गत महोत्तरी, सर्लाही र धनुषा जिल्लाका विभिन्न स्थानीय तहमा कुष्ठरोगका बिरामीसँगका सम्पर्क व्यक्तिको पहिचान गर्नुका साथै उनीहरूलाई सचेतनामूलक कार्यक्रम तथा औषधि वितरण गर्दै आएको छ।

एनआरएल नेपालका कार्यकारी निर्देशक विकासमान सिंह कुष्ठरोगमुक्त नेपाल घोषणा गर्ने लक्ष्यका साथ एनआरएल नेपालले काम गर्दै आइरहेको बताउनुहुन्छ। कार्यकारी निर्देशक सिंह धनुषा, सर्लाही र महोत्तरीमा कुष्ठरोगी र उनीहरूका सम्पर्क व्यक्तिको पहिचान गरी चार लाखभन्दा बढी व्यक्तिलाई औषधि वितरण गर्ने लक्ष्यका साथ एनआरएलले काम गरिरहेको बताउनुहुन्छ। यसबाहेक एनएलआरले पूर्वको कोशी र पश्चिमको सुदूरपश्चिम प्रदेशमा समेत कुष्ठरोगका बिरामीलाई निःशुल्क औषधि वितरण गर्दै आएको छ। "एनआरएलले स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकासँग सहकार्य गरेर कुष्ठरोगी र उनीहरूको सम्पर्क व्यक्तिको पहिचान गरी औषधि प्रदान गर्दै आइरहेको छ", सिंह भन्नुहुन्छ।

कुष्ठरोगको क्षेत्रमा काम गर्दै आएको अर्को संस्था द ल्याप्रोसी मिसन नेपालले मधेस प्रदेशको बारा, पर्सा र रौतहटमा कुष्ठरोगको क्षेत्रमा काम गर्दै आएको छ। मिसनले तीनवटै सरकारको सहकार्यमा कुष्ठरोग रोकथामको क्षेत्रमा तीन जिल्लामा काम गर्दै आएको बताउनुहुन्छ। यसबाहेक उक्त मिसनले ललितपुरको गोदावरी नगरपालिका-५ लेलेस्थित आनन्दवन अस्पतालसमेत सञ्चालन गरी कुष्ठरोग निवारणको क्षेत्रमा काम गर्दै आएको छ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## विश्व समाचार

### बिहारका मुख्यमन्त्री नितिश कुमारद्वारा पदबाट राजीनामा

पटना, १४ माघ (रासस/एएनआई)।

बिहारका मुख्यमन्त्री तथा जनता दल (युनाइटेड)का अध्यक्ष नितिश कुमारले आइतबार पटनास्थित राजभवन पुगेर राज्यपाल राजेन्द्र अर्लेकरलाई आफ्नो राजीनामा बुझाउनुभएको छ।

राजभवनमा राज्यपाललाई भेटेर नितिशले भन्नुभयो, "हामीले राज्यमा महागठबन्धनसँग सम्बन्ध तोड्ने निर्णय गरेका छौं। नितिशले भाजपा नेतृत्वको राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) मा पुनः सामेल हुने र राज्यमा 'महागठबन्धन' शासनको अन्त्य गर्ने चर्चा चलिरहेकै बेला यो घटना भएको हो।

पूर्वमुख्यमन्त्री तथा राष्ट्रिय जनता दल (आरजेडी) प्रमुख तथा पूर्व मुख्यमन्त्री लालु यादवकी छोरी रोहिणी आचार्यले सामाजिक सञ्जालमार्फत् जारी एक पोस्टमा उहाँले जेडियूमाथि कटाक्ष गर्दै भन्नुभयो, "समाजवादी पार्टीले आफूलाई प्रगतिशील समूहको रूपमा प्रस्तुत गर्छ, तर यसको विचारधारा बदलिँदो वायुको ढाँचासँग परिवर्तन हुन्छ। नितिशको यो निर्णयले उहाँको सत्ता समिकरणका लागि चौँथो अभ्यास (गठबन्धन) हुनेछ।

कूल २४३ सदस्यीय बिहार विधानसभामा आरजेडीसँग ७९ विधायक छन् भने भाजपासँग ७८ विधायक छन्। विधानसभामा जेडीयू ४५, काङ्ग्रेस १९, भाकपा (एम-एल) १२, हिन्दुस्तानी अवाम मोर्चा (सेक्युलर) को चार र सीपीआई (एम) र भाकपाको एक/एक सदस्य छन्।

एआईएमआईएम अन्य दुई सिट र एक स्वतन्त्र सदस्य रहेका छन्। आचार्यले एक नयाँ पोस्टमा साम्प्रदायिक शक्तिविरुद्ध आफ्नो संघर्ष मृत्युपर्यन्त जारी रहने बताउनुभएको छ। "साम्प्रदायिक शक्तिविरुद्ध हाम्रो लडाइँ सास रहेसम्म जारी रहनेछ," उहाँले ट्वीटरमा लेख्नुभएको छ।

### सोमालियामा समुद्री डाकुद्वारा डुङ्गा अपहरण : श्रीलङ्काको नौसेना

कोलम्बो, २८ जनवरी (एएफपी)।

सन्दिग्ध सोमालियाली समुद्री डाकुहरूले हिन्द महासागरमा चलिरहेको डुङ्गामा सवार चालक दलका छ सदस्यसहित डुङ्गालाई अपहरण गरेको कोलम्बोको नौसेनाले आइतबार जनाएको छ।

श्रीलङ्काली नौसेनाका प्रवक्ता गायन विक्रमासूरियाले लोरेन्जो पुथा-४ लाई सोमालियाली राजधानी मोगादिसुबाट करिब ८४० नटिकल माइल दक्षिणपूर्वमा शनिबार नियन्त्रणमा लिइएको जानकारी दिनुभयो।

यमनको इरान समर्थित हुथी विद्रोहीसमूहले प्यालेस्टाइनी लडाकू समूह हमासविरुद्ध इजरायलले गरेको युद्धको प्रतिक्रियास्वरूप रेड सी र एडेनको खाडीमा इजरायलसम्बद्ध जहाजहरूलाई लक्षित गरी सयौं आक्रमणहरू गरेका छन्।

सन् २०१७ को डिसेम्बरमा सोमाली समुद्री डकैतीको पहिलो सफल घटना रेकर्ड भएपछि अन्तर्राष्ट्रिय नौसैनिक बललाई एडेनको खाडीबाट उत्तरतर्फ रेड सीमा डाइभर्ट गरिएको छ।

"श्रीलङ्काले संयुक्त समुद्री सेनालाई सचेत गराएको छ," विक्रमासूरियाले अन्तर्राष्ट्रिय समुद्री डकैती विरोधी गठबन्धनलाई सङ्केत गर्दै एएफपीलाई बताउनुभयो।

उहाँका अनुसार छिमेकी मुलुक भारतको नौसेनाले अनुसन्धानका लागि युद्धपोत पठाइसकेको छ भने श्रीलङ्काको नौसेनाले पनि उक्त क्षेत्रमा तैनाथ गर्नका लागि युद्धक जहाज तयार गरिरहेको छ।

सन् २०११ मा सोमालियाली तटमा समुद्री डाकूहरूको आक्रमण चरम बिन्दुमा पुगेको थियो र बन्दुकधारीहरूले हिन्द महासागरको सोमाली तटबाट तीन हजार ६५५ किलोमिटर (२,२७० माइल) टाढासम्म आक्रमण गरेका थिए।

### भारतमा मन्दिर भत्किँदा एक महिलाको मृत्यु, १७ जना घाइते

नयाँदिल्ली, १४ माघ (रासस/एएफपी)।

भारतको राजधानी नयाँदिल्लीमा भक्तजनका लागि बनाइएको मञ्च एक्कासि भत्किँदा एक महिलाको मृत्यु हुनुका साथै १७ जना घाइते भएका छन्।

"आइतबार बिहानै हामीलाई कालकाजी मन्दिरको एउटा स्टेज भत्किएको खबर आयो। तत्काल उद्धार टोली घटनास्थलमा पुगेको छ," स्थानीय प्रहरी अधिकारीले भने।

घाइतेहरूलाई विभिन्न अस्पतालमा भर्ना गरिएको र उनीहरूको अवस्था स्थिर रहेको प्रहरीले जनाएको छ। घटनापछि कार्यक्रमस्थलमा भागदौड मच्चिएको थियो र मानिसहरु भागेर आत्तिएर चिच्याइरहेका देखिन्थे। प्रहरी अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले मन्दिरमा बिना अनुमति धार्मिक कार्यक्रम आयोजना गरिएको जनाएका छन्। कार्यक्रममा महिला र बालबालिकासहित एक हजार ६०० भन्दा बढीको सहभागिता रहेको थियो।

भिडिओमा घटनास्थल खचाखच भरिएको देख्न सकिन्छ। प्रारम्भिक अनुसन्धान अनुसार मान्छेको वजन धान्न नसकेर मन्दिरको अगाडि बनाइएको स्टेज भत्किएको थियो। दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले ती महिलाको निधनप्रति दुःख व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। उहाँले यस्ता ठूला कार्यक्रम आयोजना गर्दा सुरक्षा नियम पालना गर्न आग्रह गर्नुभयो।

# जनताका गुनासा सुन्दै महामन्त्री थापा

मोरङ, १४ माघ ।

समुदायमा पुगेर जनताका अपेक्षा, सुझाव र गुनासा सुन्ने नेपाली कांग्रेसको 'समुदायमा कांग्रेस' अभियान शनिबारदेखि सुरु भएको छ । स्थानीयस्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण र समुदायमा भएका असल अभ्यासको अवलोकन गर्ने र जनताबाट आएका सुझावलाई त्यहीँ कार्यान्वयनका लागि पहलकदमी लिने भन्दै कांग्रेसले शनिबारदेखि यो अभियान सुरु गरेको हो ।

मोरङको पुरानो सदरमुकाम रङ्गेली नगरपालिका हुँदै नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा नेतृत्वको टोली जहदाको राम चोक, कटाहरी हुँदै विराटनगर आइपुगेको हो । शनिबार झापाबाट अभियानको सुरुआतको क्रममा महामन्त्रीद्वय गगनकुमार थापा, विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र सांसद प्रदीप पौडेल पनि सहभागी रहनुभएको थियो ।

उक्त अभियानमा आइतबार नेपाली कांग्रेसका प्रदेश सभापति उद्धव थापा, केन्द्रीय सदस्य अमृत अर्याल, भीम पराजुली लगायतको सहभागिता रहेको छ । यो अभियानबाट पार्टीको आसन्न महासमिति बैठकलगायत पार्टीको नीतिनिर्माणका क्रममा नीतिगत मार्गदर्शन प्राप्त हुने बताइएको छ । यस अभियानमा औपचारिक आसन ग्रहण र मन्तव्यलगायत कार्यक्रमहरू छैनन् भने सुरुमै पार्टीको वर्तमान अवस्था र अब गर्नुपर्ने कामका लागि सुझाव माग गरिएको छ ।

आइतबारको मोरङको कार्यक्रममा पनि महामन्त्री थापाले सबै कार्यकर्ता तथा स्थानीय नेताहरुलाई पार्टीका लागि आवश्यक सुझाव दिन र आफ्ना समस्या र गुनासाहरु खुलेरै राख्न आग्रह गर्नुभएको थियो । उहाँले अब पार्टीलाई समुदायस्तरमा नभएर प्रत्येक नेपालीका घरघरसम्म पुर्याउने अभियान सञ्चालन गर्न सबैसँग आग्रह गर्नुभएको थियो ।

यस अभियानमा खटिएका नेताहरुले बोल्नेभन्दा पनि स्थानीयका गुनासा सुन्ने कार्यक्रम रहेको नेपाली कांग्रेसका महासमिति सदस्य सुयर्मराज राईले बताउनुभयो । यो अभियान निकै प्रभावकारी रहेको पनि राईले दाबी गर्नुभयो ।

केन्द्रीय प्रतिनिधिसँग समन्वय गरी जिल्ला कार्यसमितिबाट माघ १५ गतेसम्ममा सबै छ हजार सात सय ४३ वटै वडामा प्रतिनिधि खटिने र अभियान माघ २६ गतेसम्म सञ्चालन हुने जनाइएको छ ।

# ब्राउन सुगरसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**विराटनगर, १४ माघ ।**

मोरङ र झापाको दुई स्थानबाट लागुऔषध ब्राउन सुगर सहित दुई जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा मोरङको विराटनगर महानगरपालिका १२ का २३ बर्षीय शौरभ सोनी र झापाको दमक नगरपालिका ९ का २६ बर्षीय पासाङ तामाङ रहेका छन् ।

शनिबार बेलुका साढे ४ बजे विराटनगर महानगरपालिका १५ स्थित एक नम्बर ढाटबाट लागुऔषध ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले सोनीलाई लागुऔषध ब्राउन सुगर ०.५७ ग्राम सहित पक्राउ गरिएको थियो ।

यस्तै शनिबारै राती ८ बजे झापाको दमक नगरपालिका ८ स्थित सब्जीलाईनबाट इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले तामाङलाई लागुऔषध ब्राउन सुगर २ ग्राम सहित पक्राउ गरिएको हो । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान भईरहेको छ ।

# एक हजारभन्दा बढी विपन्नलाई कम्बल वितरण

सर्लाही, १४ माघ (रासस) ।

जिल्ला विपद् व्यवस्थापन समिति सर्लाहीले अतिविपन्न नागरिकलाई कम्बल वितरण गरेको छ । मधेस प्रदेश सरकारले उपलब्ध गराएको एक हजार दुई सय ८० थान कम्बल अतिविपन्न नागरिकलाई वितरण गरिएको जिल्ला विपद् व्यवस्थापन समिति सर्लाहीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले राससलाई जानकारी दिनुभयो ।

प्रजिअ धमलाका अनुसार जिल्लाको मलङ्गवा, बलरा, गोडैता, कविलासी, बागमती, हरिवन र ईश्वरपुर नगरपालिकाका साथै कौडेना, चक्रघट्टा, विष्णु, रामनगर, चन्द्रनगर, पर्सा, धनकौल र ब्रम्हपुरी गाउँपालिकाका अतिविपन्न नागरिकलाई एक हजार दुई सय ८० थान कम्बल वितरण गरिएको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष धमला, सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे, जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक प्रवीण धिताल, सशस्त्र प्रहरी बल नेपाल नम्बर १० हेडक्वार्टर गण सर्लाहीका गणपति एवं सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारी, राष्ट्रिय अनुसन्धानका अनुसन्धान उपनिर्देशक सन्तोष ढुङ्गेलसहितको टोली अतिविपन्न बस्तीमा पुगेर कम्बल वितरण गर्नुभएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ ।

## *कावा नगर प्रमुखले ...*

उक्त आन्दोलनमा आईतवारदेखि नगरवासी समेत सहभागी भएका छन् ।

नगरका १६ वटै वडाका सदस्यहरुद्वारा गठित संघर्ष समिति तथा बिटौरी जग्गा बाहकहरुको संयुक्त अगुवाईमा प्रर्दशन गर्न लागिएको बेला कार्यवाहक नगर प्रमखको आग्रहमा तत्कालका लागी विरोध कार्यक्रम रोकिएको स्थानीयवासी संतोष साहले बताए । २०१६ साल मै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँबायाँ रहेका ५ हजार भन्दा बढी परिवार बर्षौ देखि लालपुर्जा नपाएको र नगरपालिकाबाट नाप नक्शा पास तथा मालपोत कार्यालयबाट विगत ७ वर्ष देखि रोक्का प्रकृया बन्द गरिएपछि मार्कामा परेका छन् । जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोवास र विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक र वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बन्चित भएका छन् ।

सप्तरी सदर मुकाम राजविराजका मुख्य बजार मेनरोड तथा आसपासका ६८ विघा जग्गा पछिल्लो ७ वर्ष देखि बिक्रि वितरण र बैंकमा राख्न रोक लगाइएको छ ।

यस्तै नगरको छाडा पशु चौपाया नियन्त्रण, सडक सुरक्षाका लागी सिसी क्यामरा जडान, नगर प्रहरीको भर्ना, ढल निकासको व्यवस्थान, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएबमोजिम वडा सदस्यहरुलाई अधिकार र जिम्मेवारी दिनु पर्ने लगायतका माग पनि संघर्ष समितिले अघि सारेको छ ।

यसअघि पहिलो चरणको संघर्षका कार्यक्रम अन्तरगत पालिकामा एक घण्टा धर्ना कार्यक्रम पश्चात् माग पुरा नभएपछि वडा सदस्यहरुले दोश्रो चरणको आन्दोलन आइतवारदेखी घोषणा गर्न बाध्य भएका थिए । सो कार्यक्रम अनुसार सोमबारदेखी दुई घण्टा पालिकामा धर्ना दिने रहेको छ ।

## *ग्लोबल पीडितद्वारा ...*

हेलचक्रयाईले सहकारी संस्थासँगै बचतकर्ताको रकम समेत डुबाएको भन्दै उनीहरु प्रदर्शनमा उत्रेको बताएका छन् ।

महिला बचतकर्ताको उल्लेखनीय सहभागितामा निस्केको जुलुस नगरपरिक्रमा पश्चात जिल्ला स्वास्थ्य कार्यालयमा पुगि धर्नामा परिणत भएको थियो । उनीहरुले तत्कालिन जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख बिजय झाको दबाबमा खाता खोल्न लगाइएको भन्दै बचतकर्ता आमा समूहकी महिला स्वमसेविकाहरुले दुई घण्टा स्वास्थ्य कार्यालयमा धर्ना समेत दिए ।

२६ हजार भन्दा बढी बचतकर्ताको जीवनभरको कमाई डुबेकाले बाध्य भई आन्दोलन गर्नु परेको बतचकर्ताहरुको गुनासो छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।



**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।



**अनुरोधकर्ता**
**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*